# विद्यालयका प्रधानाध्यापक नियुक्ति सम्बन्धी मापदण्ड, २०७९

कार्यपालिकाबाट स्वीकृति मिति : २०७९।१२।०६
प्रमाणिकरण मितिः २०७९/१२/०६
राजपत्रमा प्रकाशित मितिः २०७९/१२/०६

प्रस्तावना

नेपालको संविधान २०७२ को अनुसूची ८ को बुँदा नं ८ मा आधारभूत तथा माध्यामिक शिक्षाको अधिकार स्थानीय तहको भनी उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ ज १ मा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन गर्ने विषय उल्लेख भएकोले यस दंगीशरण गाउँपालिका अन्तर्गत सञ्चालित विद्यालयमा प्रधानाध्यापक नियुक्ति सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः (१) प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न स्वीकृत दरबन्दीमा नबढ्ने गरी एक प्रधानाध्यापकको पद रहनेछ ।

(२) शिक्षा नियमावली २०५९ (संशोधन सहित)को नियम ९३ को उपनियम (२) बमोजिमको योग्यता भएको शिक्षकलाई सोहि नियमको प्रावधानको अधिनमा रही प्रधानाध्यापक पदमा नियुक्तिका लागि आवश्यक कागजात सहित गाउँपालिकामा लेखि पठाउनु पर्नेछ । यसरी लेखि आएमा गाउँ शिक्षा समितिले आवश्यक जाँचबुझ गरी प्रधानाध्यापक हुन योग्य उम्मेदवारलाई सामुदायिक विद्यालयको प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ ।

तर नमुना विद्यालयको हकमा नमुना विद्यालय विकास एवं सञ्चालन निर्देशिका, २०७४ (संशोधन सहित) ले गरेको व्यवस्था बमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिम प्रधानाध्यापकको पदमा नियुक्ति हुनु पूर्व निजले तोकिएबमोजिमको ढाँचामा विद्यालय विकासको प्रस्ताव लिई सोहि आधारमा शिक्षा अधिकृतसँग पञ्चवर्षीय कार्यसम्पादन करार सम्झौता गर्नु पर्नेछ ।

(४) एउटै सामुदायिक विद्यालयमा लगातार दुई कार्यकालभन्दा बढी एकै व्यक्ति प्रधानाध्यापक हुने छैन । कार्यसम्पादन स्तर सन्तोषजनक भएमा गाउँपालिकाले करार अवधि नविकरण गर्न सक्नेछ ।

(५) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा सामुदायिक विद्यालयको प्रधानाध्यापकलाई स्थानीय शिक्षा समितिले जुनसुकै बखत हटाउन सक्नेछः

(क) निजको आचरण खराब रहेमा,

(ख) ऐन तथा प्रचलित शिक्षा नियमावली विपरीत कुनै काम गरेको पाइएमा,

(ग) निजले कार्यसम्पादन सम्झौता बमोजिम काम गर्न नसकेमा वा निजको काम सन्तोषजनक नभएमा,

(घ) विद्यालयको चल अचल सम्पत्ति हिनामिना गरेमा ।

(६) सामुदायिक विद्यालयको कुनै प्रधानाध्यापकलाई उपनियम (५) बमोजिमको आधारमा पदबाट हटाउनु पर्ने भएमा शिक्षा अधिकृतले त्यस्तो आधार विद्यमान भए नभएको सम्बन्धमा जाँचबुझ गरी गराई प्रतिवेदन लिनेछ र त्यस्तो प्रतिवेदनबाट प्रधानाध्यापकलाई हटाउनु पर्ने देखिएमा पदबाट हटाउन गाउँ शिक्षा समिति समक्ष राय सहित प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(७) उपनियम (६) मा जुनसुकै कुरा लेखिएको भएतापनि सो उपनियम बमोजिम प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(८) बहालवाला शिक्षक मध्येबाट छनौट भएको प्रधानाध्यापकलाई उपनियम (५) को खण्ड (क) वा (ख) बमोजिमको आधारमा हटाएको अवस्थामा निजलाई ऐन तथा यस मापदण्ड बमोजिम विभागीय कारवाही समेत गरिनेछ ।

(९) सामुदायिक विद्यालयको प्रधानाध्यापक विदामा बसेमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरूमध्येबाट माथिल्लो श्रेणीका वरिष्ठ स्थायी शिक्षकलाई व्यवस्थापन समितिले निमित्त प्रधानाध्यापक तोक्न सक्नेछ । यस मापदण्ड अनुसार विद्यालय व्यवस्थापन समितिले निमित्त प्रधानाध्यापक तोक्न नसकेमा अथवा नतोकेमा गाउँ शिक्षा समितिले निमित्त प्रधानाध्यापक तोकि कामकाजमा लगाउन सक्नेछ । शिक्षकको वरियता निर्धारण गर्दा देहायका आधारमा गरिनेछः

(क) सम्बन्धित तह र श्रेणीको स्थायी नियुक्ति मितिको आधारमा,

(ख) प्रकरण (क) को आधारमा वरिष्ठता नछुट्टिएमा सोभन्दा तल्लो तह वा श्रेणीको स्थायी नियुक्ति मितिको आधारमा,

(ग) प्रकरण (क) र (ख) को आधारमा वरिष्ठता नछुट्टिएमा सम्बन्धित तह र श्रेणीको अस्थायी नियुक्ति मितिको आधारमा,

(घ) प्रकरण (क), (ख) र (ग) को आधारमा पनि वरिष्ठता नछुट्टिएमा प्रकरण (क) को सिफारिसको योग्यताक्रमको आधारमा,

तर खुला, कार्यक्षमता मूल्याङ्कन, आन्तरिक बढुवा एउटै मितिमा भए क्रमशः कार्यक्षमता, आन्तरिक प्रतियोगिता र खुलाको क्रमलाई मान्यता दिइनेछ ।

(१०) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि संस्थागत विद्यालयको व्यवस्थापन समितिले यस मापदण्ड बमोजिम योग्यता पुगेको व्यक्तिलाई प्रधानाध्यापकको नियुक्ति गर्दा छुट्टै प्रक्रिया निर्धारण गरी नियुक्ति गर्न सक्नेछ ।

(११) यस मापदण्डमा अन्यत्र जुनसुकै करा लेखिएको भएतापनि यो मापदण्ड प्रारम्भ हुँदाको बखत कार्यरत प्रधानाध्यापक उपनियम (२) बमोजिम अर्को प्रधानाध्यापक नियुक्ति नभएसम्म त्यस्तो पदमा कायमै रहन सक्नेछन् ।

(१२) कुनै विद्यालयमा स्वीकृत दरबन्दी नभई सम्बन्धित तहको स्थायी शिक्षक नभएको अवस्थामा गाउँपालिकाभित्रका अन्य विद्यालयका माथि उल्लेख भएबमोजिम प्रधानाध्यापक पदका लागि योग्यता पुगेका कुनै शिक्षकलाई प्रधानाध्यापकको रूपमा कामकाज गर्ने गरी खटाउन सक्नेछ । यसरी खटाउँदा निज शिक्षक कार्यरत रहेको विद्यालयमा करार शिक्षक व्यवस्थाका लागि अनुदान उपलब्ध गराउन सकिने र निज शिक्षक आफ्नो दरबन्दीमा फर्की आएमा अनुदान स्वतः कट्टी हुनेछ ।

(१३) यस मापदण्डमा भएका व्यवस्थाहरू संघीय तथा प्रदेश कानूनसँग बाझिएको खण्डमा संघीय तथा प्रदेश कानूनले गरेको व्यवस्था अनुसार नै हुनेछ ।